




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत २३ गते बुधबार ❑ 6 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गठबन्धनमा साझा उम्मेदवारबारे छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ चैत**



नेपाली काङ्ग्रेस गण्डकी प्रदेश कार्यालयमा सरकारमा सहभागी भएका राजनीतिक पाटीहरुका शीर्ष नेताहरुको आज बसेको बैठकले गठबन्धनलाई वडा तहसम्म प्रभावकारी रुपमा लैजानु पर्ने निर्णय गरेका छन् ।

पाटी सभापति शुक्रराज शर्माको अध्यक्षतामा सम्पन्न सो बैठकले पाँच दलीय सहमति अनुरुप दलीय आधारमा योग्य उमेदवारको चयन गर्ने निर्णय गरेको छ । सो निर्णयलाई वडासम्मनै कार्यान्वयन गर्ने पक्षमा बैठकमा सहभागी नेताहरु एक भएको सभापति शुक्रराज शर्माले जानकारी दिनुभयो ।

गठबन्धनका उमेदवारले पाटीका तर्फबाट उमेदवारी दिंदा पाँचै दलबाट सहजरुपमा स्वीकार हुने किसिमका उमेदवार छनोट गर्ने कुरामा बैठक केन्द्रित भएको थियो । त्यसै गरी निर्वाचन आयोगले उमेदवारी नभएको जिल्लामा दलको नामबाट अनावश्यक चुनाव चिन्ह छापेर मतदातालाई भ्रमित पार्न नहुने सुझावसमेत राखिएको छ । आगामी स्थानीय तहको निर्वाचनमा सत्तारुढ दलहरु बिच तालमेल गर्ने सहमती भएसंगै गण्डकी प्रदेशमा पनि बैठक बसी यसको तयारी गरिएको हो । प्रदेशमा यस अघि पनि गबनधनको बैठक बसेको थियो ।

मंगलबारको बैठकमा नेपाली कांग्रेसबाट गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, नेकपा माओवादी केन्द्र गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङ (कुशुम), नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष केशवलाल श्रेष्ठ, जनता समाजवादी (जसपा) गण्डकी प्रदेश अध्यक्ष मोती प्रसाद रिजाल, राष्ट्रिय जनमोर्चा गण्डकी प्रदेश अध्यक्ष शंकर बराल लगायतका गण्डकी प्रदेश स्तरका शीर्ष नेताहरुको उपस्थिति नेपाली काङ्ग्रेसका महामन्त्री किरणबाबु श्रेष्ठले जानकारी दिनुभयो । बैठकमा सहभागीले गठबन्धनका उमेदवारको व्यवस्थापन र निर्वाचन परिचालन साझा रुपले नै अगाडि बढ्नुपर्नेमा जोड दिएको नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रचार विभाग प्रमुख रमेश पौडेलले जानकारी दिनुभयो ।

## स्थानीय तहको निर्वाचनमा सक्षम उम्मेद्बार छनोट गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ चैत**



शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीले २०७९ बैशाख ३० मा हुने स्थानीय तहको निर्वाचनमा सक्षम उम्मेदबार छनोट गर्नुपर्नेमा जोड दिएका छन् ।

चैत २१ गते पोखरामा पत्रकार सम्मेलनको आयोजना गरी सञ्जालले राजनैतिक दलहरुका लागि १२ बुँदे अपिल जारी गर्दै आसन्न निर्वाचनमा स्वच्छ उम्मेदबारलाई मात्र उठाउन आग्रह गरेको छ । पत्रकार सम्मेलनमा बोल्दै गैरसरकारी संस्था महासंघका केन्द्रिय अध्यक्ष रामप्रसाद सुवेदीले कुनैपनि निर्वाचनलाई स्वच्छ,निष्पक्ष र धाँधली रहित वातावरणमा सम्पन्न गर्ने प्रमुख दायित्व राजनीतिक दलहरुकै हुने हुँदा सक्षम र नागरिकहरुले विश्वास गर्ने कुनैपनि कसुर नलागेको, भ्रष्ट आचारण नभएको व्यक्तिहरुलाई उम्मेदवारको रुपमा दलहरुले टिकट दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीका संयोजक विना सिलवालले दलहरुले सर्वस्वीकार्य उम्मेदवारलाई छनोट गर्नुपर्ने बताउनुभयो ।उहाँले स्थानीय तहहरुले नागरिकहरुका आधारभुत आवश्यकताहरुलाई पहिलो प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति गण्डकीका संयोजक तथा शान्तिका लागि नागरिक समाजको सञ्जालका पूर्व संयोजक विष्णु प्रसाद वरालले नागरिक अपिल बाचन गर्दै भ्रष्ट आचरण भएका कुनैपनि व्यक्तिलाई दलहरुले उम्मेद्वार बनाउन नहुने बताउनुभयो । निर्वाचनलई स्वच्छ बनाउन दलहरुसंगै नागरिकहरुको भुमिका पनि उत्तिकै महत्वपूर्ण रहने उहाँको भनाई थियो । अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक गण्डकीका संयोजक शिव खकुरेलले निर्वाचनलाई स्वच्छ,निष्पक्ष र धाँधली रहित बनाउन नेपाली कांग्रेस र नेकपा एमालेको पार्टी कार्यालयमा नागरिक अपिल बुझाइसकिएको र अन्य दलहरुलाई पनि बुझाइने जानकारी दिनुभयो ।

उहाँले राजनीतिक दलहरुले मानवअधिकार उल्लंघन घटनाका दोषीहरुलाई कुनैपनि हालतमा उम्मेद्वारको रुपमा अगाडी सार्न नहुने बताउँदै जनप्रतिनिधीहरुले मानवअधिकारका सवालहरुलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा अधिवक्ता गीरधारी सुवेदी, गैरसरकारी संस्था महासंघ नेपाल गण्डकीका अध्यक्ष गोपाल खड्काले सक्षम र नागरिकप्रति जवाफदेहि भएका योग्य व्यक्तिहरुलाई उम्मेदवार बनाउन राजनीतिक दलहरुलाई आग्रह गर्नुभयो । 'पार्टीले उमेदवार छनौट गर्दा आफ्नो दलीय सिद्धान्त, नीति, उपगुट, आर्थिक सहयोग, चन्दा, निर्वाचन खर्च गर्न सक्ने क्षमता तथा जसरी पनि जित्न सक्ने व्यक्तिलाई उमेदवार वनाउने अभ्यास संस्थागत रुपमा स्थापित हुदै जान थालेको छ । धन (पैसा) हुनेले दलहरुवाट उमेदवार वन्न सक्ने, पैसाल नहुने इमान्दार, त्यागी नेता कार्यकर्ता उमेदवारी वितरण गर्ने नेता तथा पदाधिकारीको नजरमा नपर्ने अभ्यास हावी रहेको छ । यस अर्थमा आसन्न निर्वाचनका सम्पुर्ण राजनैतिक दलहरु प्रति स्वच्छ, स्वतन्त्र र निस्पक्ष निर्वाचनका लागि स्वच्छ उमेदवार खडा गर्न अपील गर्दै निम्न विषयमा ध्यानर्कषण गराउन चाहान्छौ।', अपिलमा भनिएको छ ।

यस्तै वडा तथा पालिकाहरुका अध्यक्ष, उपाध्यक्ष, मेयर उपमेयर पदमा महिलाहरुलाई कम्तीमा ३३% नघट्ने गरि उमेदवारी कायम गर्न दलहरु सामु जोडद्धार माग गरिएको । अपिलमा रायमाझी आयोगले दोषी किटान गरेका तथा विगतमा मानवअधिकार उल्लंघनकर्ता, विभिन्न सामाजिक संघ संस्थाहरुमा रहेर आर्थिक हिनामिना गरी उजुरी परेका व्यक्ति, सार्वजनिक खरिद ऐन नियमावली उल्लंघनकर्ता, फौजदारी मुद्दामा सजाय पाएका व्यक्तिहरुलाई उम्मेदवार नबनाउन आग्रह गरिएको छ ।

## फेवा नव बर्ष महोत्सवको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ चैत**



पर्यटकीय नगरी पोखरामा आयोजना हुने फेवा नव बर्ष महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ ।

यही चैत ३० देखि आगामी बैशाख १ गतेसम्म संचालन हुने उक्त महोत्सवको तयारी अन्तिम चरणमा पुगेको मंगलबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । महोत्सवमा आगन्तुक पाहुनालाई होटलमा ३० प्रतिशत छुटको व्यबस्था गरिने भएको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताए । त्यस्तै रेष्टुरेण्ट र प्याराग्लाइडिङ क्षेत्रबाट समेत महंगीका वापजुद पुरानै मूल्यमा सेवा प्रदान गर्ने प्रतिबद्धता प्राप्त भएको उनले जनाए । होटल संघ पोखरा नेपालको आयोजनामा लेकसाइड स्थित फिस्टेल गेट देखि हल्लनचोकसम्मको तीन किलोमिटर सडकमा उक्त महोत्सवको अन्तिम तयारी गरिएको उनले बताए ।

कोभिड- १९ बाट शिथिल बनेको पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्ने उद्धेश्य सहित पोखरामा आयोजना हुने १७ औं फेवा नव बर्ष महोत्सवले पर्यटन प्रबर्द्धन हुने अध्यक्ष सुवेदीले विश्वास व्यक्त गरे । पोखरा क्षेत्रका होटलमा हाल करिब २० प्रतिशत अकुपेन्सी रहेको जानकारी दिंदै अध्यक्ष सुवेदीले आन्तरिक र भारतीय पर्यटकको आगमन विस्तारै बढ्न थालेको बताए । परम्परागत नेपाली खानाको प्रस्तुती र विक्री, सांस्कृतिक झाँकीका कार्यक्रम, प्रख्यात कलाकारबाट पप कन्सर्ट, मनोरञ्जनात्मक कार्यक्रमहरुको प्रस्तुती र लोक दोहोरीका कार्यक्रम महोत्सवका आकर्षण रहेका छन् । अम्मट र सेन्टर प्वाइन्टमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सामाजिक न्यायसहितको आर्थिक विकासका लागि माओवादी नेतृत्वलाई विजयी गराउन अपिल

**रासस**
**काठमाडौं, २२ चैत**

नेकपा (माओवादी केन्द्र)ले आगामी निर्वाचनलाई भौतिक उत्प्रेरणाको प्रभावमा नपरी सही नीति र नेतृत्वको छनोट गर्दै समाजवादउन्मुख समृद्धिको बाटोमा अगाडि बढ्न आम मतदातामा अपिल गरेको छ ।

स्थानीय तह निर्वाचन २०७९ का सन्दर्भमा मंगलबार विशेष अपिल सार्वजनिक गर्दै माओवादीले नीति र नेतृत्वबीचको अन्तरविरोधका कारण समस्या पैदा भएकाले सही नीति बोक्ने नेतृत्वलाई विजयी गराउन आग्रह गरेको हो । एकाधिकारबाट पीडित, निराश र निमुखा बन्दै गएका जनसमुदायको विशाल हिस्सालाई आर्थिक सामाजिक विकासको साझेदार बनाउने र उनीहरुलाई प्रतिफलको हिस्सेदारसमेत बनाउने आफूहरुको विकास मोडेलबाट नै समाजवादउन्मुख समृद्धि सम्भव हुने माओवादीले अपिलमा भनेको छ ।

स्वाधीन र सार्वभौम राष्ट्रले मात्र सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न सक्ने भन्दै माओवादीले आधारभूत स्वास्थ्य सेवा र विद्यालय शिक्षा निःशुल्क प्रदान, खाद्य सुरक्षा, आवास, रोजगारी, स्वच्छ वातावरण, जातीय, क्षेत्रीय एवं लैंगिक समानतालगायतका मौलिक हक समाजवादोन्मुख समृद्धिको अभियानसँगै पूर्णरूपले कार्यान्वयन हुँदै जाने विश्वास दिलाएको छ । जनक्रान्तिको रक्षा, राष्ट्रिय स्वाधीनताको सुदृढीकरण र सामाजिक न्यायसहितको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## संघीय लोकतान्त्रिक गणतन्त्र लगायतका उपलब्धीहरुको रक्षाका निम्ति गठबन्धन आवश्यक: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ चैत**




गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले संघिय लोकतान्त्रिक गणतन्त्र लगायतका उपलब्धिहरुको रक्षाका निम्ति पुनः गठबन्धन आवश्यकः भएको बताउनु भएको छ ।

कास्कीको माछापुच्छ्रे गाउँपालिकाका स्थानियसंगको मंगलबार भेटघाट कार्यक्रममा वोल्दै मन्त्री बरालले संघिय लोकतान्त्रिक गणतन्त्र लगायतका उपलब्धिहरुको अझै पनि सुरक्षित हुने ग्यारेन्टी नभएकोले त्यसको रक्षाका निम्ति पनि गठबन्धन आवश्यक भएको बताउनु भएको हो ।

लामो समयको सघर्षबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्नुपर्नेमा हाल कुनै समुहले खारेज गर्ने दिशा तर्फ उन्मुख भएको आरोप लगाउदै नेकपा माओबादी केन्द्रका नेता समेत रहनु भएको मन्त्री बरालले प्राप्त उपलब्धिको रक्षाको निम्ति पनि गठबन्धन आवश्यक भएको दाबी गर्नु भएको हो । समाजवाद उन्मुख अभियानमा लागेको बताउदै मन्त्री बरालले शहिदका लक्ष्य उद्धेश्य पुरा गर्न अविचलित ढंगले आफुहरु लाग्ने जनाउनु भयो । स्थानिय निर्वाचनको मिति नजिकिदै गर्दा गठबन्धनमा चुनावी तालमेलमा समेत सम्मानजनक हिसावले सवैको अस्तित्व स्वीकार्नुपर्ने मन्त्री बरालको भनाई रहेको थियो ।

यसैबिच नेकपा माओबादी केन्द्र माछापुच्छ्रे गाउँ समिति वडा नम्बर १ र २ को सम्पर्क कार्यालयको मंगलबार नै मन्त्री बरालले उद्घाटन गर्नु भयो । कार्यक्रममा नेकपा माओबादी केन्द्र गण्डकी प्रदेशका सदस्य द्धय नवराज भण्डारी, प्रविणा अधिकारी, माओबादी पार्टीका माछापुच्छ्रे गाउँ समिति अध्यक्ष बैकुण्ठ भण्डारी, कोषाध्यक्ष रेम बहादुर पुन, माछापुच्छ्रे गाउँ पालिका वडा नम्बर १ का वडा सदस्य सुर्य गुरुङ, नेकपा माओबादी केन्द्र माछापुच्छ्रे गाउँ समिति वडा नम्बर १ का अध्यक्ष जित बहादुर पुन, नेपाली कागेंस माछापुच्छ्रे गाउँ समिति वडा नम्बर २ का सभापति गणेश आचार्य, माओबादी केन्द्र माछापुच्छ्रे गाउँ समिति वडा नम्बर २ का अध्यक्ष पुष्पराज गौतम लगायतले प्रतिगमन बिरुद्ध एक हुनुपर्नेमा जोड दिनु भएको थियो ।

# स्याङ्जामा निर्माणधिन पुल भत्किदा आठ घाईते

प्रकाश डोटेल
स्याङ्जा, २२ चैत



स्याङ्जाको चापाकोट नगरपालिका ८ दामाचौरस्थित कालीगण्डकी नदीमा चापाकोट र पाल्पाको रामपुर जोड्ने निर्माणाधिन पक्की पुल भत्किदा पुल निर्माणमा काम गर्दै आएका आठ जना घाइते भएका छन् ।

निर्माणाधिन पक्की पुल भत्किदा घाइते हुनेहरुमा रौतहट घर भएका २४ वर्षीय प्रेमधन पटेल, बाराका २२ वर्षीय रामनिवास कुमार पटेल, बारा जिल्लाकै २८ वर्षीय जितेन्द्र पटेल रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एबं प्रहरी नायब उपरीक्षक राजेन्द्रप्रसाद अधिकारीले जानकारी दिए । घाइते हुनेहरुमा भारत बिहार घर बताउने २५ वर्षीय धनन्जय ठाकुर, २१ वर्षीय सुजितकुमार यादव, ४८ वर्षीय रघुनाथ राव, २५ वर्षीय अनुपकुमार राव र गोरखा जिल्ला मिर ।सन गाउँपालिका ४ का २३ वर्षीय सृजन परियार रहेको प्रहरीले जनाएको छ । चापाकोट नगरपालिका ८ मा निर्माणाधिन दामाचौर र रामपुर पाल्पा जोड्ने पक्की पुल निर्माणको क्रममा क्रेनले फलामको बिम माथि उचालेर कामदारले बिम जोड्ने काम गरिरहेको अवस्थामा अचानक बिम सहित कामदारहरु खस्दा उनीहरु घाइते भएका हुन् ।

घाइतेमध्ये बारा घर भएका २२ वर्षीय रामनिवास कुमार पटेल, भारत बिहार बस्ने २५ वर्षीय धनन्जय ठाकुरको अवस्था गम्भीर रहेको छ । अन्य घाईतेको मिसन अस्पताल पाल्पामा उपचारार्थ भर्ना गरिएको छ । विगत १० वर्ष अघिदेखि निर्माणको काम थालिएको पुल ईन्जिनिएरिङ्ग डिजाईनमा समस्या देखिएपछि करिब ५ वर्षदेखि निर्माण कार्य रोकिएको थियो । सडक डिभिजन कार्यालय पाल्पाले पुलको डिजाईन परिवर्तन गरेपछि गत वर्षदेखि पुल निर्माणको कार्य पुनः थालिएको थियो ।

# बिटी कपमा दोस्रो चरणको ८ खेल सकिए, अहिलेसम्म अजित सर्वाधिक गोलकर्ता

मिना भुजेल
पोखरा, २२ चैत



बिटी क्लबको आयोजनामा पोखरा १ बगरस्थित पुरानो टुडिखेलमा जारी १५ औं बिटी कप पाँचौ विरेन स्मृति सेभेन ए साईड फुटबल प्रतियोगितामा अहिलेसम्म तारा एफसीका अजित गुरुङ सर्वाधिक गोलकर्ता बनेका छन् ।

क्लबका अध्यक्ष विजया गुरुङका अनुसार मंगलबार भएको दोस्रो चरणको खेल अन्तर्गत तारा एफसी र नयांगल्ली बिच भएको छैटौं खेलमा नयांगल्लीविरुद्ध गुरुङले व्यक्तिगत ५ गोल गरेका थिए । गुरुङको सानदार ५ गोलसँगै तारा एफसी तेस्रो चरणमा प्रवेश गरेको गुरुङले जानकारी दिईन् । यसअघि तारा एफसी वाईसीएल एफसीको अनुपस्थितिमा वाकओभर मार्फत विजयी बनेको थियो । गुरुङले उक्त खेलसँगै मंगलबार दोस्रो चरणका ८ खेल सकिएको बताईन ।

पहिलो खेलमा एयरपोर्ट एफसीले भदौरे एफसीलाई ४-० गोलको फराकिलो अन्तरले पराजित गर्यो । एयरपोर्टको जितमा सिआर गुरुङले २ गोलको योगदान दिए भने अनिल महर्जन र निरज चौधरीले समान १ गोल गरे । दोस्रो खेलमा आयोजक सेतोले बैले एफसीलाई ३-० गोल अन्तरले हरायो । आयोजकको जितमा अन्जन देवकोटा, राम्जी र टिकाराज गुरुङले समान १ गोल गरे । त्यसैगरी तेस्रो खेलमा मसिना एफसीले सिम्पानी एफसीलाई ५-० गोलको फराकिलो अन्तरले सहज जित निकाल्यो । मसिनाको जितमा दिपेश श्रेष्ठ, प्रताप गुरुङ, सञ्जु नेपाली, सिद्धान्त गुरुङ र कैलाश श्रेष्ठले समान १ गोल गरे ।

चौथों खेलमा करापुटार एफसी टिमले एम टुभेल ' बि'माथी २-१ गोल अन्तरले सँघर्षपूर्ण जित निकाल्यो । करापुटारको जितमा मुकेश दुरा र कन्या गुरुङले समान १ गोलको योगदान दिए भने एम टुभेलको तर्फबाट रुविन गुरुङले सान्त्वना १ गोल गरे । पाँचौ खेलमा एम टुभेलले काउरे बयारघारीलाई १-० गोल अन्तरले पराजिगत गर्यो । डिफेण्डिङ च्याम्पियन एम टुभेलको जितमा काजन गुरुङले निर्णायक गोल गरे । त्यसैगरी अर्को खेलमा एलजी एशोसियसनले दिप युनाईटेडलाई १-० गोल अन्तरले सँघर्षपूर्ण जित निकाल्यो । एलजीको जितमा सिद्धार्थ रन्जितले निर्णायक गोल गरे ।

मंगलबार भएको अन्तिम खेलमा स्याङ्जा एफसीले बिटी एफसीलाई २-१ गोल अन्तरले सँघर्षपूर्ण जित निकाल्यो । स्याङ्जाको जितमा रोनिश गुरुङ मुक्त थापाले समान १ गोल गरे भने बिटीको तर्फबाट सप्नीत गुरुङले जवाफी सान्त्वना १ गोल गरे ।

आयोजकका अनुसार बुधबार पनि दोस्रो चरणका खेलहरु सञ्चालन हुनेछन् । प्रतियोगिता विजेता टोलीले १ लाख ५१ हजार १ सय ५१ र उपविजेता टोलीले ९१ हजार १ सय ११ रुपैंया प्राप्त गर्नेछ ।

# पोखरा १४ मा नेकपा(एकीकृत समाजवदी)को यूवा संघ गठन

पोखरापत्र संवाददाता
पोखरा, २२ चैत




पोखरा १४ मा नेकपा( एकीकृत समाजवदी)को भातृ संगठन यूवा संघको भेलाले मंगलबार प्रताप भण्डारीको संयोकत्वमा १५ सदस्यीय वडा कमिटी गठन गरेको छ ।

भेलाको अध्यक्षता यूवा नेता कैलास पौडेलले गर्नुभएको थियो भने प्रमुख अतिथि यूवा संघ केन्द्रिय उपाध्यक्ष एवं पार्टी कासेकी जि.क.उपसचिव पूर्ण लामा, अतिथिमा पार्टी जिकउप सचिव डि.बि.राई, वार्ड कमिटी बाट एल.बि. घताने, यूवासंघ स्थायी सदस्य, गण्डकी प्रदेश कमिटी उपाध्यक्ष पार्टी कास्की स.स.अशोक थापा, अनेरा स्ववियू उप-महासचिव एवं पार्टी जि.क.स.स. राजन शर्मा पराजुली, यूवासंघ कास्की अध्यक्ष अशिम गुरूङ, उपाध्यक्ष मरेन्द्र कुवर, सदस्य रोशन बस्याल, संघका महानगर कमिटी अध्यक्ष सुमन ढुङ्गाना लगायतका उपस्थितिमा कार्यक्रम सम्पन्न भयो । कार्यक्रम सुमन ढुङ्गानाले संचालन गर्नु भएको थियो ।

## फेवा...

स्टेज निर्माण गरी ती कार्यक्रमहरु संचालन गरिने संघले जनाएको छ । नेपाली संस्कृतिको संरक्षण र परम्परागत नेपाली खानाको प्रबर्द्धन गर्ने मुख्य उद्धेश्य महोत्सवले लिएको छ । अन्नपूर्ण केवलकार प्रालि महोत्सवको मुख्य प्रायोजक रहेको छ भने नेपाल पर्यटन बोर्ड प्रबर्द्धक रहेको संघका महासचिव राजेन्द्र ढकालले बताए । महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न विभिन्न २१ वटा उपसमितिहरु गठन गरी तयारी अगाडि बढाइएको सह संयोजक दीपक श्रेष्ठले बताए ।

पर्यटन, संस्कृति र खानालाई विशेष जोड दिएर संघले पहिलोपटक सडकमा नै महोत्सव आयोजना गर्न लागेको महोत्सवका संयोजक समेत रहेका सुवेदीले बताए । संघका सल्लाहकार एवं होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले पर्यटकको बसाई अवधि लम्ब्याउन थप केही कार्यक्रम समेत आवश्यक भएको बताए ।

विशाल महादेवको मूर्ति, केवलकार, बञ्जी जम्पिङ र जिपलाइन जस्ता पर्यटकीय गन्तव्यले यस क्षेत्रमा आकर्षण थपिएको उनको भनाई थियो । होटल संघ पोखरा नेपालका निवर्तमान अध्यक्ष विकल तुलाचनले कोभिडबाट थलिएको पर्यटन प्रबर्द्धन गर्न यस्ता महोत्सव तथा मेलाले थप टेवा पुग्ने बताए ।

# सत्ता गठबन्धनभन्दा बाहिरको गठबन्धन प्राथमिकता होइन : नेता श्रेष्ठ

पोखरापत्र संवाददाता
गोरखा, २२ चैत

नेकपा माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले सत्ता गठबन्धनभन्दा बाहिरको गठबन्धन पार्टीको प्राथमिकता नभएको बताउनुभएको छ ।

गोरखाको पालुङटार नगरपालिकामा मंगलबार आयोजित पार्टीको गोरखा, लमजुङ र मनाङको चुनावी कमाण्डले आयोजना गरेको पार्टीको भेला तथा प्रशिक्षण कार्यक्रममा उहाँले सम्मानजनक ढङ्गबाट गठबन्धन नभए पार्टी एक्लै चुनावमा जाने बताउनुभयो ।

वरिष्ठ नेता श्रेष्ठले गठबन्धन बनाएर निर्वाचनमा जाँदा गठबन्धनमा रहेका सबै दलको हित हुने गरी सहमति भए मात्र गठबन्धन स्वीकार्य हुनेसमेत बताउनुभयो । "हाम्रो पार्टीको प्राथामिकता गठबन्धनका लागि गठबन्धन मात्र होइन", उहाँले भन्नुभयो, "गठबन्धन बनाएर निर्वाचनमा होमिएपछि सहमतिको अक्षरशः पालना हुने गरी मात्र हुनुपर्छ ।"

उहाँले पार्टीले आन्तरिक एकतालाई सुदृढ पारेर निर्वाचनमा होमिनुपर्ने बताउनुभयो । वरिष्ठ नेता श्रेष्ठले पार्टीले अबलम्वन गरेको समाजवादको लक्ष्य हासिल गर्नका लागि सडक, सदन र सरकारमा सङ्घर्षको रणनीति लिएर पार्टी अघि बढिरहेको उल्लेख गर्नुभयो ।

"अहिलेको स्थानीय तहको निर्वाचन भने स्थानीय सदनको मोर्चामा जाने तयारी हो", उहाँले भन्नुभयो, "यो मेर्चा नजिते हामीले हाम्रो लक्ष्य हासिल गर्न सक्दैनौं ।" वरिष्ठ नेता श्रेष्ठले माओवादी केन्द्रले जितेका देशभरका स्थानीय तहहरुमा राम्रो काम भएको बताउँदै त्यसबारेमा जनतालाई बुझाउन सक्नुपर्नेमा जोड दिनुभयो ।

## सामाजिक...

आर्थिक विकासका लागि आफूहरुको नेतृत्व वर्तमानको अपरिहार्यता हुन गइरहेको माओवादीले दाबी गरेको छ । माओवादीले 'समाजवाद उन्मुख समृद्धि : आर्थिक विकास र सामाजिक न्यायमा अभिवृद्धि', 'एक पालिका, एक विशेष उत्पादन, एक वडा एक विशेष पहिचान' नारा अघि सार्दै आफ्नो प्रतिबद्धतासमेत सार्वजनिक गरेको छ । सार्वजनिक, सामुदायिक (सहकारी) र निजी क्षेत्रको पहलकदमी र सहकार्यमा आधारित आर्थिक विकासको मोडेलबाट समाजवादोन्मुख समृद्धिको परिकल्पना गरिएको माओवादीले जनाएको छ । "नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति र गरिबी निवारण, वस्तु तथा सेवाको सहज आपूर्ति, उत्पादनमुखी अर्थव्यवस्थाको निर्माण, रोजगारीका अवसरको सिर्जना, विचौलियाको भूमिकालाई न्यूनीकरण, वातावरणमैत्री विकास पूर्वाधार, आर्थिक सामाजिक तथा वातावरणीय विकासको सन्तुलन आदि हाम्रो विकास नीति र प्राथमिकता हुन्", अपिलमा भनिएको छ ।

समूह, सहकारी, परिवारमार्फत आमजनतालाई आर्थिक विकासको साझेदार बनाउनु र प्रतिफलमा यथोचित प्रतिफलको सुनिश्चितता गर्दै समृद्ध र समानतामूलक समाज निर्माण हाम्रो आर्थिक विकासको केन्द्रीय सार रहेको उल्लेख गर्दै माओवादीले स्थानीय तहको प्रभावकारितालाई बढाउँदै समाजवादोन्मुख समृद्धिको दिशामा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

माओवादीले कृषिमा आमूल सुधार, उद्यमशीलता विकास गरी रोजगारी सिर्जना, आधारभूत स्वास्थ्य सेवा निःशुल्क, निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।


आगलागीबाट सावधानी अपनाऔं ।
निम्न कारणबाट आगलागी हुनसक्छ,
- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

### सुक्तिसुधा

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# प्रतिशोध साँध्ने काम नगर

स्वास्थ संस्थामा गठबन्धन सरकारले कसरी राजनीतिक हस्तक्षेप गर्दैछ भन्ने गण्डकी प्रदेश सरकारले देखाएको छ । गण्डकी प्रदेश सरकारले पहिला आफैंले नमुना घोषणा गर्दै पुरस्कृत गरेको संक्रामक तथा सरुवा रोग अस्पतालको नेतृत्वलाई हटाउने प्रक्रिया थालेको छ। कोभिड-१९ को महामारीमा नागरिकहरुको ज्यान जोगाएको भन्दै प्रशंसित अस्पताल व्यवस्थापनका पदाधिकारीलाई प्रदेश सरकारले बर्खास्त गर्ने प्रक्रिया थालेको छ ।

१८ चैतको मन्त्रिपरिषद् बैठकले अस्पतालका अध्यक्ष प्राडा कृष्णप्रसाद पौडेलसहित सदस्यहरुलाई सफाइ पेस गर्ने मौका दिने निर्णय गरेको छ । सरकारका प्रवक्तासमेत रहेका भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री कुमार खड्काले स्पष्टीकरण सोधेको जानकारी दिएका छन । स्वास्थ्य मन्त्रालयले अस्पताल अध्यक्ष पौडेल, सदस्यहरु मेजर रामप्रसाद गुरुङ, सूर्यकुमारी बञ्जारा र डा. ध्रुव अधिकारीलाई २४ घन्टाभित्र 'यहाँलाई किन कारबाही नगर्ने भन्ने' उल्लिखित प्रष्टीकरण पत्र दिएको छ ।

राम्रो काम गरेको भन्दै प्रदेश सरकारले फागुन ४ गते प्रदेश दिवसका दिन अस्पताललाई नमुना कार्यालय भन्दै पुरस्कृत घोषणा गरेको थियो । अस्पताल व्यवस्थापनको कार्यसम्पादनको मूल्यांकन स्वरुप सिंगो अस्पताललाई प्रदेश सरकारले 'नमुना कार्यालय' भन्दै पुरस्कृत गरेको थियो । पुरस्कृत गरेपछि अस्पताल व्यवस्थापन समिति हटाउने प्रक्रिया सरकारले थालेको थियो ।यो जस्तो पुर्वाग्रह अरु हुन सक्दैन । त्यसका लागि उसले पुरस्कृत गरेकै ३ साताभित्र अस्पताल व्यवस्थापनलाई प्रगति विवरण ३ दिनभित्र बुझाउन भनेको थियो । 'क्षोभिडका बिरामीको ज्यान बचाएको मात्र होइन उनीहरूको खर्च हुनसक्ने ५० करोड रुपैंया पनि बचाएको भनी प्रशंसाा पाएको हो ।

'अस्पताल विकास समिति गठन आदेश' कानुन अनुसार पौडेल नेतृत्व समूहलाई एमाले नेता पृथ्वीसुब्बा गुरुङ मुख्यमन्त्री हुँदा नियुक्ति दिइएको थियो। गुरुङ सरकार ढलेपछि जेठ २९ गते कांग्रेस नेता कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वमा अर्को सरकार गठन भएको थियो । अहिलेको सरकारमा स्वास्थ्यमन्त्री मधुमाया अधिकारी गुरुङ छिन् । उनकै चाहनामा आफूनिकट राजनीतिक कार्यकर्ता भर्ती गर्न अहिलेको समिति पदाधिकारीलाई बर्खास्त गर्ने प्रक्रिया स्वरुप प्रष्टीकरण सोधिएको छ ।

मन्त्री अधिकारीको यो चाहना पूरा गर्न अस्पताल समिति गठन आदेशको व्यवस्थाअनुसार प्रष्टीकरण सोधिएको छास्वयंसेवी रुपमा काम गर्नेलाई राजनीतिक कार्यकर्ता भर्ना गर्न खोज्नु घुमाउरो तरिकाले निजी स्वास्थ संस्था पोस्नु हो । यसअघि गोरखा जिल्ला अस्पताल र दमौली अस्पतालमा पनि यस्तै प्रक्रिया अघि बढेको थियो। पदाधिकारी बर्खास्त गर्ने प्रक्रियामा पहिला प्रष्टीकरण सोध्नुपर्ने व्यवस्था कानुनमा छ। सिधै हटाउने काम गर्दा कानुनी उपचार पाउन सक्ने देखेर विधि पुऱ्याउन खोजिएको हो ।

गुरुङ सरकारले स्थापना र पदाधिकारी नियुक्त गरे पनि संक्रामक तथा सरुवा रोग अस्पताले धेरै नागरिकको ज्यान जोगाएको भन्दै पोखरेल सरकारले पुरस्कृत गरेको थियो । हुन पनि कोभिड-१९ को महामारीमा नागरिकले अस्पतालमा भर्ना पाउनै मुस्किल थियो । सरकारी अस्पतालहरुमा ठाउँ भरिने, निजीमा महँगो हुने अवस्था थियो। कोभिडको बिरामी भन्नेबित्तिकै निजी अस्पतालले भर्नै लिन मानेका थिएनन् । कोभिडकै बीच पोखरा ३० को लेखनाथ सामुदायिक अस्पताललाई गुरुङ सरकारले प्रदेश सरकारको स्वामित्वमा ल्याएर संक्रामक रोग अस्पताल बनाएको थियो । यो अस्पतालले कोभिडका १३ सय ४२ बिरामीको उपचार गरेको थियो । नेपाली उखान चोरलाई चौतारो साधुलाई शुली भने जस्तो काम भएको छायो तहको पुर्वाग्रह र स्वयंसेवीलाई अपमान गर्ने काम रोकिनु पर्दछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : मानसिक तनाब |
| वृष | : झमेला बड्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मन चञ्चल |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कास्कीमा चुनावी सरगर्मी बढ्दै

–वासुदेव पौडेल
दमौली, २२ चैत

स्थानीय तहको निर्वाचनको मिति नजिकिँदै गर्दा कास्की जिल्लामा चुनावी सरगर्मी बढेको छ ।

नजिकिँदै गरेको निर्वाचनलाई लक्षित गरी दलहरू गाउँगाउँमा आफ्नो चुनाव लक्षित कार्यक्रमलाई अघि बढाएका छन् भने निर्वाचनको तयारीमा निर्वाचन कार्यालय सक्रिय बनेको छ ।

निर्वाचन कार्यालयले जिल्लामा मतदाताको अन्तिम नामावली प्रकाशित गरिसकेको छ । प्रकाशित नामावली अनुसार आसन्न निर्वाचनमा जिल्लामा दुई लाख ८१ हजार ८३३ जना मतदाताले भाग लिँदैछन् । तीमध्ये पुरुष एक लाख ३३ हजार ७४२ जना छन् भने महिलाको सङ्ख्या एक लाख ४८ हजार ८७ जना रहेको छ । यस निर्वाचनमा जिल्लामा चारजना तेस्रो लिङ्गी मतदाता सहभागी बन्दैछन् । निर्वाचनका लागि १५० मतदान स्थल र ३३६ वटा मतदान केन्द्र निर्धारण गरिएको प्रदेश निर्वाचन कार्यालय पोखराका प्रवक्ता रुद्र न्यौपानेले जानकारी दिनुभयो । यसअघि २०७४ सालको निर्वाचनमा कास्कीमा दुई लाख २४ हजार ८११ जना मतदाता रहेकामा आसन्न निर्वाचनमा ५७ हजार २२ जना थपिएका छन् । थपिनेमा रुपा गाउँपालिकामा तीन हजार ३६० जना छन् । रुपामा अघिल्लो निर्वाचनमा ११ हजार ३१५ जना मतदाता रहेकामा यस पटक १४ हजार ६७५ जना मतदाता रहेका छन् । त्यस्तै मादी गाउँपालिकामा यस पटक पाँच हजार २२३ जना मतदाता थपिएका छन् । २०७४ मा १३ हजार ५५९ जना मतदाता रहेको मादीमा अहिले मतदाता सङ्ख्या १८ हजार ७८२ पुगेको छ । त्यस्तै माछापुच्छ्रे गाउँपालिमा यस निर्वाचनमा चार हजार १५ जना मतदाता थपिएका छन् । अघिल्लो निर्वाचनमा १६ हजार ३०१ मतदाता रहेकामा अहिले २० हजार ३१६ जना पुगेको छ ।

अन्नपूर्ण गाउँपालिकामा २०७४ सालमा १५ हजार ५६९ जना मतदाता रहेकामा अहिले चार हजार ७७९ जना थपिएर २० हजार ३४८ जना पुगेको छ । जिल्लाकै सबैभन्दा ठूलो पोखरा महानगरपालिकामा आसन्न निर्वाचनमा नयाँ मतदाता ३९ हजार ६४५ जना छन् । २०७४ को निर्वाचनमा एक लाख ६८ हजार ६७ जना मतदाता रहेको पोखरामा यस निर्वाचनमा दुई लाख सात हजार ७१२ जना मतदाता सहभागी बन्दैछन् । कार्यालयले निर्वाचनलाई लक्षित गरी सामग्री खरिद एवम् खटिने कर्मचारीको विवरण तयार गर्ने काममा लागेको उहाँले जानकारी दिनुभयो । आसन्न निर्वाचनमा जिल्लामा एक हजार आठजना कर्मचारी खटाइने र स्वयंसेवक तथा सुरक्षाकर्मीसहित दुई हजार ६८५ जना परिचालन हुने उहाँले बताउनुभयो ।

निर्वाचनलाई लक्षित गरी दलहरूले वडा तथा टोलहरूमा गरेका कार्यक्रमले चुनावी माहोल तताएको छ । चुनावलाई केन्द्रित गरी नेपाली कांग्रेस कास्कीले गत फागुन २८ गतेदेखि 'घरघर जाऔँ कांग्रेस जिताऔँ' अभियान सञ्चालन गरिरहेको र त्यसले पार्टी सङ्गठनमा सकारात्मक ऊर्जा थपेको नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले जानकारी दिनुभयो । "अभियानसँगै पार्टीभित्र उम्मेदवार छनोटका सम्बन्धमा पनि छलफल भइरहेको छ", उहाँले भन्नुभयो, "गठबन्धन दलका बीचमा निर्वाचनमा मिलेर जाने कुरामा सहमति हुनाका साथै कसरी जाने भन्नेबारे पनि निरन्तर छलफल जारी रहेको छ ।"

नेकपा एमालेले निर्वाचनलाई लक्षित गरी वडा एवम् टोल लक्षित गरी विभिन्न कार्यक्रम अघि बढाएको सो पार्टीका जिल्ला अध्यक्ष मनबहादुर गुरुङले जानकारी दिनुभयो । "निर्वाचनलाई केन्द्रित गरी जनवर्गीय सङ्गठनहरू परिचालन गरिएको छ, विभिन्न स्थानमा पार्टीका कार्यालयहरू खोलेका छौँ", उहाँले भन्नुभयो, "उम्मेदवार चयन सम्बन्धमा छलफल भइरहेको छ, हामीलाई उम्मेदवार चयनमा खासै समस्या छैन ।" नेकपा माओवादी केन्द्रले चुनावलाई लक्षित गरी वडा तथा टोल कमिटीका बैठकहरू गरिरहेको पार्टीको पोखरा महानगर कमिटीका निवर्तमान अध्यक्ष एवम् गण्डकी प्रदेश कमिटी सदस्य विश्वप्रकाश लामिछानेले जानकारी दिनुभयो । प्रत्येक वडाबाट भोलिसम्म उम्मेदवार हुन चाहने वडाध्यक्ष सहितका पाँचजनाको सकेसम्म सर्वसम्मत र नभएमा पनि आकाङ्क्षीको नामावली माग गरिएको उहाँले बताउनुभयो । उम्मेदवार तय सम्बन्धमा गठबन्धन दलबीच पनि निरन्तर छलफल भइरहेको उहाँले बताउनुभयो ।

# भ्रष्टाचारीलाई पार्टीमा ठाउँ छैन : अध्यक्ष लिङ्देन

पोखरापत्र संवाददाता
बागलुङ, २२ चैत

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले राजनीति सर्वोत्तम सेवा भएको बताउनुभएको छ ।

यहाँ मंगलबार आयोजित आमसभामा उहाँले देश र जनताको सेवा गर्ने माध्यमका रुपमा राजनीतिलाई लिनुपर्ने उल्लेख गर्नुभयो । अध्यक्ष लिङ्देनले लाभ र कमाइ लिन कोही राप्रपामा प्रवेश गरेका भए फर्किन सुझाव दिनुभयो । "भ्रष्टचारीलाई राप्रपामा ठाउँ छैन, यो जनताको सेवक पार्टी हो", उहाँले भन्नुभयो । राप्रपाले विकास र सुशासन दिने ठोकुवा गर्दै अध्यक्ष लिङ्देनले आसन्न स्थानीय चुनावमा आफ्ना उम्मेदवारलाई जिताउन आग्रह गर्नुभयो । राप्रपाले चुनाव जित्ने स्थानीय तहमा आधारभूत शिक्षा र स्वाथ्य सेवा निःशुल्क बनाउने उहाँले बताउनुभयो । गलत पार्टी र नेतालाई चुनावमा जिताउँदा देशले दुःख पाउने भन्दै अध्यक्ष लिङ्देनले मत हाल्दा विवेक पुऱ्याउन मतदातासँग आग्रह गर्नुभयो ।

# भानु जयन्तीमा बिदा दिने प्रदेश सरकारको निर्णय

पोखरापत्र संवाददाता
तनहुँ, २२ चैत

नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीको अवसरमा गण्डकी प्रदेश सरकारले सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

नेपाली भाषाका धरोहर आचार्यको जन्मजयन्तीको अवसरमा सरकारले आगामी असार २९ गते सार्वजनिक बिदा दिने निर्णय गरेको हो । प्रदेश सरकार मन्त्रिपरिषद्को आज बसेको बैठकले सार्वजनिक विदाको निर्णय गरेको प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री कुमार खड्काले जानकारी दिनुभयो ।

तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घामा जन्मिनुभएका आचार्यको सम्मानमा भानु नगरपालिकाले पनि दुई वर्षदेखि सार्वजनिक विदा दिँदै आएको छ ।

विसं १८७१ असार २९ गते जन्मिनुभएका आचार्यको १९२५ असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिककालका प्रतिनिधि कविको रुपमा परिचित आचार्य वाल्मिकी रामायणका अनुवादकका रुपमा प्रख्यात छन् ।

मोतिराम भट्टले उनलाई पहिलो पटक नेपाली भाषाका आदिकवि उपाधि दिएका थिए । आचार्यले प्रश्नोत्तर, भक्तमाला, बधुशिक्षालगायतका कृति लेख्नुभएको छ । उहाँका पाण्डुलिपीलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि आचार्य नेपाली साहित्यिमा चिनिनुभएको हो ।


## अर्जेन्ट चाहियो

**अफिसको लागि**
साधारण लेखपढः ३ जना
SLC, + 2 above : ५ जना
तलबः आर्कषण
सम्पर्कः
९८१५१५७८०२
९८४६६४७६२७



## सर्टिफिकेट हराएको सूचना

म सुदिप सापकोटाको मेडावारीदेखि पोखरा जाने क्रममा CTEVT बाट प्रदान गर्ने कागजातहरु, रजिष्ट्रेशन, लब्धाङ्क पत्र र मुल प्रमाण पत्र सहित अन्य कागजपत्र हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

नामः सुदिप सापकोटा
ठेगानाः माछापुच्छ्रे गाउँपालिका वडा नं. ६, भेडावारी
Registration No: Iv-7748-69
Symbol No : 5870
सम्पर्क नं. : ९८४६३८४१६२


# कृषि गणनाका लागि १६७ केन्द्र

पोखरापत्र संवाददाता
तनहुँ, २२ चैत

राष्ट्रिय कृषिगणनका लागि तनहुँमा १६७ वटा गणना केन्द्र तोकिएका छन् ।

प्रत्येक १०-१० वर्षको अन्तरालमा हुँदै आएको राष्ट्रिय कृषिगणना यस वर्ष पनि गर्न लागिएको हो । आगामी वैशाख ६ गतेदेखि जेठ १९ गतेसम्म करिब ४५ दिनको अवधिमा हुने राष्ट्रिय कृषिगणना कार्यका लागि गणना केन्द्र कायम गरिएको जिल्ला कृषिगणना अधिकृत नवराज पोखेलले जानकारी दिनुभयो । उहाँका अनुसार तनहुँका चार नगरपालिका र छ गाउँपालिका गरी १० पालिकामा १६७ गणना क्षेत्र तोकिएको छ ।

उक्त क्षेत्रका करिब चार हजार १७५ जना कृषक परिवारको छनोटपश्चात गणनाकार्य अघि बढाइनेछ । उहाँका अनुसार भानु नगरपालिकामा २०, व्यासमा १८, शुक्लामा १८, भिमादमा १७ गणना क्षेत्र कायम गरिएको छ । त्यसैगरी म्याग्दे गाउँपालिका १६, घिरिङमा १५, ऋषिङमा १८, देवघाटमा १६, बन्दीपुरमा १५ र आँबुखैरेनीमा १४ वटा गणना क्षेत्र रहेका छन् । चैत १५ गतेदेखि २१ गतेसम्म गणक तथा सुपरीवेक्षकहरूको तालिम प्रदान गरेपछि फिल्डमा तथ्याङ्क सङ्कलनका लागि पठाइने उहाँले बताउनुभयो । पहिलो चरणमा गणकहरूले छानेका गणना क्षेत्रका प्रत्येक व्यक्तिको घरदैलोमा पुगेर तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका कृषक परिवारको सूचीकरण कार्य गरिनेछ ।

त्यसैगरी दोस्रो चरणमा निश्चित तथ्याङ्कीय छनोट विधिबाट सुपरीवेक्षकद्वारा छानिएका कृषक परिवार औषतमा २५ वटामा पुगी गणकहरूद्वारा कृषक परिवार प्रश्नावली फार्ममार्फत कृषकको तथ्याङ्क लिइनेछ । कृषकले चलन गरेको जग्गा तथा पशुपक्षी पालन, अन्य खेती, वातावरणलगायत विविध विषय सम्बन्धी विस्तृत विवरण सङ्कलन गर्नेछ ।

# 'पढ्दै कमाउँदै' कार्यक्रमका लागि मनाङको लोकप्रिय मावि छानियो

पोखरापत्र संवाददाता
मनाङ, २२ चैत

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत 'पढ्दै कमाउँदै' कार्यक्रमका लागि हिमालपारिको जिल्ला मनाङको लोकप्रिय मावि छनोटमा परेको छ । जिल्लाको चामे गाउँपालिका-४ स्थित लोकप्रिय मावि कार्यक्रमका लागि छनोटमा परेको हो । छनोटमा परेका विद्यालयलाई कार्यक्रमअन्तर्गत अनुदान रकम उपलब्ध गराई विद्यार्थीलाई पढ्दै गरेका बेला कमाउने अवसर प्रदान गरिने छ । लोकप्रिय माविमा कृषिसम्बन्धी पढाइ हुने गरेको छ ।

पढ्दै कमाउँदै कार्यक्रमका लागि विद्यालय छनोटमा परेको जानकारी दिँदै लोकप्रिय माविका प्रधानाध्यापक कृष्णदास कोइरालाले कार्यक्रमको प्रावधानअनुसार व्यावहारिक रूपमा कार्यक्रमलाई कार्यान्वयन गरिने बताउनुभयो । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले कार्यक्रमका लागि सामुदायिक विद्यालयबाट प्रस्ताव माग गरेको थियो । केन्द्रको निर्देशक समितिको बैठकले कार्यक्रमका लागि विद्यालय छनोट गरेको हो । कार्यक्रममा प्राविधिक शिक्षा पढाइने विद्यालयलाई प्राथमिकतामा राखिएको छ । छनोटमा परेका विद्यालयलाई ससर्त अनुदानअन्तर्गत वित्तीय हस्तान्तरण भई स्थानीय तहमार्फत अनुदान रकम विद्यालयको खातामा उपलब्ध गराउने व्यवस्था गरिएको छ । पढ्दै कमाउँदै विद्यालय कार्यक्रम सञ्चालन कार्यविधि २०७८ मा उल्लिखित कार्य प्रक्रियाबमोजिम विद्यालयका लागि बजेट स्वीकृत गरिएको छ । विद्यालयलाई बजेट दुई किस्तामा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

पहिलो चरणमा ५० प्रतिशत र दोस्रो चरणमा कार्य प्रगतिका आधारमा ५० प्रतिशत रकम उपलब्ध गराइने छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत 'पढ्दै कमाउँदै कार्यक्रम' का लागि १४० सामुदायिक विद्यालय छनोट गरेको छ । स्रोत विकास केन्द्रका अनुसार यो कार्यक्रमका लागि रु १४ करोड विनियोजन भएको छ । यो बजेट छनोट भएका जिल्लामा १० लाखका दरले उपलब्ध गराइनेछ । माछापालन, तरकारी खेती गर्ने जग्गा भएका प्राविधिक धारका सामुदायिक विद्यालयलाई केन्द्रले छनोट गरेको हो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ आ.व. ०७८/०७९ वडा स्तरीय योजनाबाट सडक स्तरउन्नती निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः सिम्टावोट बराङ्ग मकवानपुर सिधाने सडक निर्माण
स्थानः पोखरा–२३ कास्की
योजना सम्झौता मिति : २०७८/०८/२६ गते
योजना सम्पन्न मिति : २०७८/१२/१० गते
योजनाको कुल लागत : रु. ११,२५०७०/८६
वडाबाट विनियोजित रकम : रु.१०,००,०००।–
जनश्रम उपभोक्ताबाट : रु.१२५०७०।८६
उपभोक्ता समिति अध्यक्षः दाम बहादुर वि.क.
सचिवः शिव घले
उपभोक्ता समितिः ११ जना, पुरुष– ६ जना महिला– ५ जना

**घाटीछिना मकवानपुर भञ्ज्याङ ग्रामिण सडक निर्माण समिति** पोखरा–२३ कास्की

# मातृसेवा प्रतिष्ठान नेपालद्वारा कास्कीका विद्यार्थीलाई छात्रवृत्ति

निर्मला नेपाली
पोखरा, २२ चैत




मातृसेवा प्रतिष्ठान नेपालले कास्कीका थप ४९ जना विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययनको लागि 'कर्मभूमि छात्रवृत्ति' वितरण गरेको छ।

पोखरामा मंगलबार आयोजित समारोहमा प्रमुख अतिथि ब्रम्हाकुमारी ईश्वरीय विश्वविद्यालय तथा राजरोग प्रशिक्षण केन्द्र नेपालका निर्देशक ब्रम्हाकुमारी परणिता, प्रतिष्ठानका संस्थापक अध्यक्ष एवं पूर्व मन्त्री हरि पाण्डे, प्रतिष्ठान उपाध्यक्ष तुलसा पाण्डे, पाल्पाली समाज पोखराका अध्यक्ष रेशम रचकलगायतले विद्यार्थीलाई सो छात्रवृत्ति वितरण गरेका हुन् । प्रतिष्ठानले गत वैशाखमा पनि जिल्लाका पाँचै पालिकाका गरी १ सय २५ जना विद्यार्थीलाई झण्डै ४० लाख रुपैयाँ बराबरको छात्रवृत्ति वितरण गरेको थियो। प्रतिष्ठानका संस्थापक अध्यक्ष समाजसेवी हरि पाण्डेले छात्रवृत्तिको सदुपयोग गरी स्वास्थ्य, विचार र सम्पत्तिलाई जोड दिँदै राष्ट्रको लागि योग्य नागरिक बन्न विद्यार्थीलाई सुझाए। २०३५ सालमा पहिलोपल्ट पोखरा प्रवेश गरेको स्मरण गर्दै उनले आफू अहिलेको अवस्थामा आइपुग्न कही न कही समाजको भूमिका रहेको भन्दै छात्रवृत्ति वितरण अभियानलाई निरन्तरता दिएको बताए। जन्मभूमि पाल्पामा पनि उनले यसअघि १ सय ४ विद्यार्थीलाई 'रम्भादेवी छात्रवृत्ति' प्रदान गरेका थिए । छात्रवृत्ति आफ्नै परिवारको प्रयासमा सुरु भएको कुनै पनि दाताको सहयोग नरहेको बताए । गरिब तथा जेहेनदार विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययनको लागि प्रतिष्ठानले नियमित रुपमा छात्रवृत्ति वितरण गर्दै आएकोमा हालसम्म देशभरका गरी ६ सय जना विद्यार्थी लाभान्वित भएका छन्। मंगलबार कुल ९ लाख रुपैयाँ बराबरको छात्रवृत्ति वितरण गरिएको हो । कार्यक्रममा ब्रम्हाकुमारी ईश्वरीय विश्वविद्यालय तथा राजरोग प्रशिक्षण केन्द्र नेपालका निर्देशक ब्रम्हाकुमारी परणिता, ब्रम्हाकुमारी अप्सरा, पाल्पाली समाज पोखराका अध्यक्ष रेशम रचक, पाल्पा हाउसका अध्यक्ष कुलप्रसाद घिमिरे लगायतले बोलेका थिए । सो अवसरमा व्रह्मकुमारी अप्सराले ईश्वरीय प्रवचन दिएकी थिइन्। मंगलबार छात्रवृत्ति पाउनेमा कास्कीका बराह मावि भेडाबारी, आनन्दज्योति मावि लेखनाथ, शुक्रराज मावि पुम्दीभुम्दी, गण्डकी बहुप्राविधिक शिक्षालय, अन्नपूर्ण बहुप्राविधिक शिक्षालय पाउदुर र रामकोट मावि लेखनाथमा प्राविधिक शिक्षा पढ्ने विद्यार्थी हुन्। प्रतिष्ठान उपाध्यक्ष तुलसा पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा समाजका सल्लाहकार खेम सारुले संचालन गरेका थिए।

# कास्की लिग जारी, मंगलबार सकिए ७ खेल

पोखरापत्र संवाददाता
पोखरा, २२ चैत



अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीको आयोजनामा जारी जिल्ला स्तरीय साबित्री निर्माण सेवा फुटबल लिगमा मंगलबार ७ खेल सम्पन्न भएको छ।

एन्फा कास्कीका अध्यक्ष मिलन गुरुङका अनुसार पोखरा २५ स्थित गौरीशंकर खेलमैदानमा ४ र रङ्शालाको वैकल्पिक खेलमैदामा ३ गरी आज कुल ७ खेल सकिएको हो।

रङ्गशाला स्थित वैकल्पिक खेल मैदानमा भएको पहिलो खेलमा सत्य युवा क्लब (बि-१३) ले लेकसाईड क्लबलाई ५-० गोलको फराकिलो अन्तरले पराजित गरेको खेल संयोजक नर प्रसाद गुरुङले जानकारी दिए।

उनका अनुसार सत्य युवा क्लबको जितमा उपेन गुरुङले १९ र २१ औं मिनेटमा २ गोल गरे भने जिवन तामाङले २३ औं मिनेटमा र प्रशान्त गुरुङले २६ औं मिनेटमा र सन्दिप गुरुङले २८ औं मिनेटमा गोल गरे । उक्त जितसँगै सत्य युवा क्लबले ३ अंक बटुलेको छ । यसैगरी दोस्रो खेलमा शितलज्याती युवा क्लबले भदौरे युवा क्लबलाई ३-० गोल अन्तरले पराजित गर्यो । शितलज्योतीको जितमा अभिषेक थापाले छैटौं मिनेट र आठौं मिनेटमा २ गोलको योगदान दिए भने । ३४ औं मिनेटमा सहिल गुरुङले १ गोल गर्दै टिमलाई जित दिलाए। उक्त जितसँगै शितलज्योती क्लबले पनि ३ अंकको योगफल बनाएको छ। यसैगरी अर्को खेलमा सँगमले एपेक्सलाई ६-० गोलको अन्तरले पराजिगत गरेको छ । सँगमको जितमा क्षितिज गुरुङले १० औं र १२ औं मिनेटमा २ गोल गरे । यसैगरी १४ औं मिनेटमा मनोज गुरुङले, २० औं मिनेटमा आयुष थापाले, २८ औं मिनेटमा अनिष गुरुङले र २९ औं मिनेटमा निश्चल जिसीले समान १ गोल गरेका थिए। उक्त खेलबाट सँगम क्लबले ३ अंक जम्मा गरेको छ।

रंगशालाको वैकल्पिक मैदानमा ३ खेलसँगै हेम्जास्थित गौरीशंकर खेल मैदानमा समेत ४ खेल सकिएका छन्। उक्त मैदानमा भएको पहिलो खेलमा विष्णुपादुका क्लबले एबिसीलाई ७-१ गोलको फराकिलो अन्तरले पराजिगत गरेको हेम्जा युनाईटेडका सचिव सुनिल गायकले जानकारी दिए। उनका अनुसार विष्णुपादुकाको जितमा संजोग केसी र सविन नेपालीले समान २ गोलको योगदान दिए भने राजन थापा, रोशन थापा र सुजन तामाङले समान १ गोल गरे । एबिसीको लागि निखिल रानाले सान्त्वना १ गोल फर्काए । उक्त खेलबाट विजयी बनेको विष्णुपादुकाले ३ अंक बटुलेको छ । यसैगरी दोस्रो खेलमा एलजी एशोसियसनले रामघाटलाई ७-० गोल अन्तरले हरायो । एलजीको जितमा शिव सुवेदी र सिद्धार्थ रन्जितले समान २ गोल गरे भने कृष्ण गुरुङ, हेमन्त तामाङ र सन्तोष श्रेष्ठले समान १ गोलको योगदान दिए । सो जितसँगै एलजीले ३ अंक जम्मा गरेको छ। तेस्रो खेलमा डेभिजफल क्लले सहारा क्लबलाई २-१ गोल अन्तरले हरायो । डेभिजफलको जितमा विशाल परियार र सुदिप रानामगरले समान १ गोलको योगदान दिए। यता हार व्यहोरेको सहारा क्लबको तर्फबाट नवराज धमेलले सान्त्वना १ गोल फर्काए । उक्त खेलबाट जितसँगै डेभिजफलले ३ अंक जम्मा गरेको छ। अर्को खेलमा नाकोड्सले नयांगाँउ एफसीलाई ७-२ गोल अन्तरले पराजित गर्यो। नाकोड्सको जितमा विकल बानियाले २ गोलको योगदान दिए भने आगमन खड्का, कुनल राई, समिर छन्त्याल, निरन्जन गैरे र अमृत मगरले समान १ गोल गरे । नयांगाउँको तर्फबाट रुविन गुरुङ र वर्मा नेपालीले समान १ गोल फर्काए । उक्त खेलबाट नाकोड्सले ३ अंक बटुल्यो।

एन्फा कास्कीका अनुसार लिगमा अब कुल ४८ खेल बाँकी रहेको छ। लिग विजेताले गण्डकी प्रदेश स्तरिय मुख्यमन्त्री कप फुटबल प्रतियोगितामा प्रतिस्पर्धा गर्न पाउने एन्फा कास्कीले जनाएको छ।

# 'न्यायिक समितिले गरेका निर्णयको पुनरावेदन गर्नु परेन'

पोखरापत्र संवाददाता
बागलुङ, २२ चैत

जिल्लाका स्थानीय तहमा गठन भएका न्यायिक समितिबाट सम्पादन भएका काम सन्तोषजनक भेटिएका छन् । जिल्ला अदालत बागलुङले गरेको न्यायिक समितिको अनुगमनका क्रममा न्याय सम्पादन स्थानीय तहमा परिपक्वता भेटिएको हो । जिल्ला न्यायाधीश वासुदेव न्यौपानेको टोलीले शनिबार र आइतबार जिल्लाको दक्षिणका दुई स्थानीय तहमा पुगेर न्यायिक समितिको अनुगमन गरेको थियो । जैमिनी नगरपालिका र बरेङ गाउँपालिकाको न्यायिक समितिको अनुगमनका क्रममा भए गरेका काम सन्तोषजनक भेटिएका हुन् । जिल्ला अदालतका स्रेस्तेदार सूर्यप्रसाद भण्डारी, तहसिलदार लगायतको टोली अनुगमनका लागि स्थानीय तहमा पुगेको हो । "पहिला निर्वाचित जनप्रतिनिधिले दलीय पूर्वाग्रह राख्छन्, न्याय सम्पादन निष्पक्ष हुँदैन भन्ने चर्चा थियो," अनुगमनपछि न्यायाधीश न्यौपानेले भन्नुभयो, "हामीले यो पाँच वर्षको बीचमा न्यायिक समितिले गरेका निर्णयहरूको पुनरावेदन गर्नु परेन्, यो राम्रो पक्ष हो ।"

न्यायिक समितिले गरेको फैसलामा चित्त नबुझेमा फैसला भएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न पाउने व्यवस्था छ । पाँच वर्षको अवधिमा त्यस्ता मुद्दा नगण्य रहेको जिल्ला अदालतको तथ्याङ्क छ । स्थानीय तहको निर्वाचन निष्पक्ष र शान्तिपूर्ण बनाउन सबैको भूमिका महत्वपूर्ण हुने भन्दै न्यौपानेले सहयोग गर्न सबैलाई आग्रह गरे । "हाम्रै टिमबाट सरहरू पालिकामा निर्वाचन अधिकृतका रूपमा खटिँदै हुनुहुन्छ, निर्वाचनमा जनता र दलहरू प्रमुख हुन्," अनुगमनपछि जैमिनीमा भएको एक अन्तरक्रियात्मक कार्यक्रममा उहाँले भन्नुभयो, "सबैले मिलेर अहिलेकै जस्तो सौहार्द्र वातावरणमा निर्वाचन हुँदा बागलुङले राम्रो सन्देश दिने छ ।" जैमिनी नगर प्रमुख इन्द्रराज पौडेलले न्यायिक समितिले गरेका कामका कारण कुनै पनि दलीय आरोप आउने वातावरण नरहेको जानकारी दिनुभयो । न्यायिक समितिका संयोजक र सदस्यहरूको मिहिनेत र बुद्धिमत्ताले आम सर्वसाधारणले प्रश्न आउने वातावरण नरहेको उहाँको धारणा थियो । बरेङ गाउँपालिकाकी उपप्रमुख दिलकुमारी पुनले न्यायिक समितिमा आएका मुद्दामध्ये पाँच वर्षमा एउटा मात्रै मुद्दा पुनरावेदन भएको बताउनुभयो।

जैमिनीले पाँच वर्षमा २१ मुद्दा दर्ता भएका थिए । तीमध्ये एउटा मुद्दा अदालतमा र तीनवटा मुद्दाको फैसला हुन बाँकी छ । बाँकी सबै मुद्दा मेलमिलापमार्फत टुङ्गो लगाइएको न्यायिक समितिका संयोजक तथा उपप्रमुख लीला रानाले बताउनुभयो।

# गाउँमा पहिलोपटक बस पुग्दा हर्षबढाइँ

पोखरापत्र संवाददाता
म्याग्दी, २२ चैत

म्याग्दीको धवलागिरि गाउँपालिका-६ बुलगाउँमा पहिलोपटक बस पुग्दा स्थानीयवासीले हर्षबढाइँ गरेका छन्। धवलागिरि गाउँपालिका र गण्डकी प्रदेश सरकारको साझेदारीमा मराङको बैंसी-कुम्री-राम्चे-घामताप्ना हुँदै सोमबार पहिलोपटक बुलगाउँमा बस पुगेको हो। पहिलोपटक पुगेको बस, चालक श्रीप्रसाद पुन, सडक निर्माणमा प्रयोग भएको डोजरका चालक पुस्कर खड्कालाई अबिर, फूलमाला लगाएर स्वागत गरेका स्थानीयवासी ईश्वर सुवेदीले जानकारी दिनुभयो।

यसैगरी नौमती बाजामा नाचगान गरेर खुसीयाली मनाएका थिए । धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले सडकको उद्घाटन गर्दै बुलमा सडक र विद्युत् पुऱ्याउने प्रतिबद्धता पूरा भएकामा खुसी व्यक्त गर्नुभयो । वडाध्यक्ष राजाराम सुवेदीले चालु आर्थिक वर्षमा गाउँपालिकाले विनियोजन गरेको रु १२ लाख ५० हजार र प्रदेश सांसद नरदेवी पुनको सिफारिसमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रु १० लाख बजेटबाट बुलमा सडक पुऱ्याइएको बताउनुभयो।

छदेखि सात मिटर फराकिलो सडकको मार्ग निर्माणको काम चैत पहिलो हप्ता सकिएको थियो। "विसं २०७४ अघि यस वडाको कुनै पनि बस्तीमा सडक यातायातको सुविधा थिएन", वडाध्यक्ष सुवेदीले भन्नुभयो, "बुलसँगै साविक मराङ गाविसको नौवटै वडा सडक सञ्जालमा जोडिएका छन्।"

बुल सडक निर्माण समितिका अध्यक्ष नरबहादुर जुग्जालीले सडक निर्माण भएपछि बुल र मलम्पारका २०० घरधुरी लाभान्वित भएका बताउनुभयो । "बैंसीबाट पैदल हिँडेर बुल पुग्न दुई घण्टा ३० मिनेट उकालो हिँड्नुपर्दथ्यो । ज्येष्ठ नागरिकलाई पूरै दिन लाग्दथ्यो", उहाँले भन्नुभयो, "सडक आएपछि यात्रा अवधि ३० मिनेटमा छोटिएको छ।" स्थानीयवासीलाई आवतजावत, बिरामीलाई समयमै अस्पताल पुऱ्याउन, कृषि तथा पशुजन्य वस्तु निकासी, दैनिक उपभोग्य र निर्माण सामग्री ढुवानी गर्न सहज भएको जुग्जालीले बताउनुभयो । सडक सुविधासँगै बसाइँसराइ रोकिने र गाउँ छाडेर गएकाहरू जन्मथलो फर्कने विश्वास गरिएको छ । सत्तरी घर भएको बुलका ४० घरमा मात्र हाल बसोबास छ।

यस वर्ष गाउँपालिकाको बजेटले एक हजार ४०० मिटर र प्रदेश सरकारको बजेटले एक हजार ७० मिटर सडकको मार्ग खोल्ने लागत अनुमान भए पनि करिब तीन किलोमिटर मार्ग खोलिएको गाउँपालिकाका प्राविधिक जनक धानुकले बताउनुभयो । उहाँका अनुसार बैंशीबाट बुलसम्म सडकको दूरी करिब १२ किलोमिटर छ। यो सडक निर्माणमा उपभोक्ता समितिबाहेक सरकारको मात्र रु एक करोड पाँच लाख खर्च भएको वडा कार्यालयले जनाएको छ। आर्थिक वर्ष २०७५/७६ मा बैंसीबाट मराङ स्वास्थ्यचौकीको भवनसम्म गाउँपालिकाको रु ३८ लाखमा तीन किलोमिटर मार्ग खोलिएको थियो । आव २०७६/७७ मा स्वास्थ्यचौकीको भवनबाट राम्चेसम्म गाउँपालिकाको रु २५ लाख र प्रदेश सरकारको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रु १५ लाख बजेटबाट मार्ग खोलिएको थियो । आव २०७७/७८ मा राम्चेबाट घामताप्नासम्म गाउँपालिकाको रु १० लाख र सङ्घीय सांसद भूपेन्द्र थापाको निर्वाचन क्षेत्र पूर्वाधार साझेदारी कार्यक्रमको रु १७ लाख बजेटबाट मार्ग खोलिएको थियो।


## काठ बोलपत्रद्धारा लिलाम बिक्रीको पुन: प्रकाशित सूचना ।

प्रथम पटक सूचना प्रकाशन मिति : २०७८/१२/२३

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०७५/०७६ मा संकलित साल गोलीया काठको परिमाण १३१३.०१ क्यू.फि. र दाउरा २०' X ५' X ५' साइजको चट्टा २ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित छ। थप जानकारीका लागि कार्यालय समया यस समूहको कार्यालयमा सर्म्पक राख्न सकिनेछ।

**अध्यक्ष एवं**
**श्री केलादी सामूदायिक वन उपभोक्ता समूह**
**चापाकोट नगरपालिका-६, स्याङ्जा**



## काठ बोलपत्रद्धारा लिलाम बिक्रीको पुन: प्रकाशित सूचना ।

दोस्रो पटक सूचना प्रकाशन मिति : २०७८/१२/२३

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०७५/०७६ मा संकलित साल गोलीया काठको परिमाण १५६४.९६ क्यू.फि., असना काठको १३.३ क्यू.फि., र अन्य ४ थानको २५.३७ क्यू.फि., र दाउरा २०'X ५'X ५' साइजको चट्टा १ लिलाम बिक्री गर्नु परेकोले पुन: यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि कार्यालय समयमा यस समूहको कार्यालयमा सर्म्पक राख्न सकिनेछ।

**अध्यक्ष एवं**
**श्री केलादी सामूदायिक वन उपभोक्ता समूह**
**चापाकोट नगरपालिका-६, स्याङ्जा**


# बागलुङमा आन्तरिक पर्यटकको चहलपहल

पोखरापत्र संवाददाता
बागलुङ, २२ चैत

कोरोनाले सुस्ताएको बागलुङको पर्यटन व्यवसायमा उल्लेख्य सुधार आएको छ । फाट्टफुट्ट पर्यटक देखिने जिल्लामा दुई वर्षयताकै धेरै पर्यटकहरू आएका छन् । मुक्तिनाथ, ढोरपाटन भ्रमण र चैते दसैंमा कालिका मन्दिरको दर्शनका लागि आउने पर्यटकले जिल्लामा चाप निकै बढेको छ।

चार दिनको भ्रमण समय छुट्याएर मुक्तिनाथ पुगेपछि बागलुङ कालिका दर्शनका लागि एक दिन बागलुङलाई छुट्याएर आएको चितवन भरतपुरका पर्यटक सुन्दर कुमार बरालले सुनाउनुभयो । उहाँले सामाजिक सञ्जालमा देखेको लामो पुल, पञ्चकोट लगायतका स्थानले अफूलाई बागलुङ आउने प्रेरित गरेको बताउनुभयो । अहिले जिल्लामा आन्तरिक पर्यटकको सङ्ख्या ह्वात्तै बढेको छ।

भरतुपर महानगरपालिका-२ क्षेत्रपुर चितवनको मितेरी आमा समूह, चितवनकै बिस हजारी सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड र धादिङ जिल्लाको श्री विशाल आमा बचत तथा ऋण सहकारी संस्था लगायतका संस्थाहरू बस लिएरै बागलुङ बागलुङ भ्रमणमा आएका छन् । यस्ता सामाजिक तथा सङ्घसंस्थाहरू दैनिक सयौंको सङ्ख्यामा बागलुङ आउन थालेका छन् । अहिले कालिका मन्दिर परिसर र पञ्चकोटमा पर्यटक बोकेका सवारीसाधनहरूको चाप थेगिनसक्नु छ । चैत दोस्रो सातादेखि बागलुङमा आन्तरिक पर्यटकको चाप ह्वात्तै बढेको पर्यटन व्यवसायी बताउँछन् । बागलुङको धार्मिक पर्यटकीय क्षेत्रमा अहिले पर्यटकको घुईचोनै लाग्ने गरेको पाइएको छ । बागलुङको ऐतिहासिक चैत्राष्टमी मेलाको पूर्वसन्ध्यामा गण्डकी प्रदेशको उत्कृष्ट धार्मिक गन्तव्य बागलुङ कालिका, पञ्चकोट, शालग्राम सङ्ग्रहालय र लामो झोलुङ्गे पुलमा पर्यटकको चाप बढेको पाइएको छ। चैते दसैं सुरु भएको र मुस्ताङको मुक्तिनाथ जाने भारतीय पर्यटकहरू समेत मुक्तिनाथपछिको दोस्रो गन्तव्य बागलुङलाई मानेर यहाँ आउने गरेको पाइएको छ । कोरोनाले दुई वर्षदेखि रोकिएको ऐतिहासिक चैत्राष्टमी मेलाको तयारीसमेत गरिएको छ । बागलुङको चैत्राष्टमी मेला नेपालमै प्रसिद्ध मेलामध्येको एक हो। चैत २४ देखि २८ गतेसम्म चैत्राष्टमी मेलाको आयोजना गरिएको र अहिले यसको तयारीले तीव्रता पाएको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो। यही चैत दोस्रो सातादेखि बागलुङका अधिकांश ठूला होटलहरू भरिभराउ भएको होटल व्यवसायी महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष तथा बागलुङ पर्यटन विकास समितिका सचिव अर्जुन चोखालले जानकारी दिनुभयो। "पहिला नेपाली र भारतीय पर्यटकको रोजाइ बनेको मुक्तिनाथ मन्दिर सोझै गएर फर्कने चलन थियो, तर पछिल्ला वर्षमा मुक्तिनाथ पुगेका पर्यटकहरू बागलुङ कालिका र पञ्चकोटमा समेत आएको पाइयो, पञ्चकोट र कालिका मन्दिर दर्शनले गर्दा दर्शनार्थीको भ्रमण समय लम्बिएको छ," चोखालले भन्नुभयो, "बागलुङका ठूला होटलहरू पर्यटकले भरिभराउ भएका छन् यो बागलुङको पर्यटन व्यवसायीहरूका लागि सुखद कुरा हो, बागलुङमा थप ठूला तारे होटलहरूको समेत आवश्यकता खड्किएको छ।" चोखालका अनुसार बागलुङ आउने भारतीय र नेपाली पर्यटक मध्य अधिकांश धार्मिक पर्यटक आएको बताउनुभयो । पर्यटकीय क्षेत्रका रूपमा एकदमै अगाडि बढेको बागलुङमा बिस्तारै पर्यटकीय गतिविधि बढ्दै गएकाले यहाँका नागरिकहरूको आर्थिक सबलीकरणमा समेत उल्लेख्य सुधार हुन थालेको छ। धार्मिक पर्यटकहरू मात्र नभएर अध्ययन अवलोकन भ्रमणको समेत गन्तव्य बन्दै आएको छ बागलुङ । अहिले विभिन्न पर्यटकीयस्थलको प्रचारप्रसार तथा प्रवर्द्धनका कारण जिल्लामा पर्यटकहरू बढ्दै गएको पाइएको छ । अहिले होटलमा पाहुनाको व्यवस्थापन गर्न हम्मे हम्मे पर्दै आएको बागलुङका सफल पर्यटन व्यवसायी एन्जिल शाक्यले बताउनुभयो । उहाँले पाहुनाको मागअनुसार आफूले होटलको सुविधा थप्दै आएको बताउनुभयो।